राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३३२ | २०८३ साउन २९ गते शुक्रवार | (Friday, 14 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### पुरानो साख फर्काउने प्रयास

# पुस्तक फर्किएसँगै जाग्दैछ मटिहानीको पुस्तकालय



पुस्तक संग्रह अभियानका क्रममा राजकीय संस्कृत माध्यमिक विद्यालय(गुरुकुल)का प्रधानाध्यापक ईश्वरी पौडेल । तस्बिर : द पब्लिक टुडे

**गोपालप्रसाद बराल**

*बर्दिबास, साउन २८ गते ।*

महोत्तरीको मटिहानीस्थित पुरानो शैक्षिक परिवेशसँग जोडिएको शङ्कर आदर्श पुस्तकालय केही वर्षयता सुनसानजस्तै थियो । कहिल्यै संस्कृत भाषा, साहित्य र अध्ययन-अनुसन्धानको केन्द्र बनेको पुस्तकालयको चहलपहल क्रमशः हराउँदै गएको थियो । तर अहिले त्यही पुस्तकालयको मुहार फेरिन थालेको छ ।

भौतिक पूर्वाधार निर्माणको काम अन्तिम चरणमा पुग्नु र पुस्तक सङ्ग्रह अभियानले गति लिन थालेसँगै शङ्कर आदर्श पुस्तकालय फेरि पुरानै लयमा फर्कने विश्वास जागेको हो ।

मटिहानीस्थित गुरुकुल अर्थात् राजकीय संस्कृत माध्यमिक विद्यालयमा अध्ययन गर्ने पर्वतीय वटुकहरूले पाँच दशकअघि विक्रम संवत् २०३३ सालमा स्थापना गरेको यो पुस्तकालयको आफ्नै ऐतिहासिक महत्त्व छ । संस्कृत भाषा र साहित्यको साधनामा महत्वपूर्ण भूमिका खेलेको पुस्तकालय पछिल्ला केही वर्ष भने बेवारिसजस्तै बनेको थियो ।

अहिले भने गुरुकुल प्रशासन पुस्तकालयलाई पुनः समृद्ध बनाउने अभियानमा जुटेको छ । पुस्तक सङ्ग्रहसँगै नयाँ भवन निर्माणले पनि पुस्तकालयको भविष्यप्रति आशा जगाएको छ ।

'यो पुस्तकालयका लागि मधेश प्रदेश सरकारको सहयोगमा नयाँ भवन निर्माणको काम अन्तिम चरणमा छ,' मटिहानीका नगर प्रमुख हरिप्रसाद मण्डल भन्छन्, 'गुरुकुलका प्रधानाध्यापक निरन्तर पुस्तक सङ्ग्रहको अभियानमा हुनुहुन्छ । यो पुस्तकालय फेरि बौद्धिक सम्पदाका रूपमा विकास हुने आस जागेको छ ।'

भवन बन्नु एउटा पक्ष हो, त्यसलाई ज्ञानको केन्द्र बनाउने आधार भने पुस्तक नै हो । यही बुझेर गुरुकुलले पुस्तक सङ्ग्रह अभियान अघि बढाएको छ । अभियानअन्तर्गत देशका विभिन्न क्षेत्रमा रहेका शिक्षाविद्, लेखक, प्रकाशक, अन्वेषक, साहित्य साधक तथा शुभेच्छुकबाट पुस्तक प्राप्त भइरहेका छन् ।

गुरुकुलका प्रधानाध्यापक ईश्वरी पौडेलका अनुसार अभियानले उत्साहजनक प्रतिक्रिया पाइरहेको छ । 'हाम्रो अपिललाई सबैतिरबाट सद्भाव प्राप्त भएको छ । मुलुकका विभिन्न क्षेत्रमा कार्यरत् शिक्षाविद्, प्रकाशक, अन्वेषक, लेखक र साहित्य साधकसहितका शुभेच्छुकबाट पुस्तक प्राप्त भइरहेका छन्,' प्रधानाध्यापक पौडेल भन्छन्, 'अभियानमा प्राप्त सहयोग र

- बाँकी पृष्ठ ३ मा

# मधेशमा मन्त्रालय घटाउँदै मन्त्रिपरिषद् पुनर्गठनको तयारी

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २८ गते ।*

मधेश प्रदेश सरकारमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालय घटाउने तयारी भइरहेको छ । मधेश सरकारमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय छन् । अब घटाएर ९ वटा कायम गर्ने सरकारको तयारी छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का दुई र नेकपा एमालेका एक गरी तीन मन्त्रीलाई हटाउने गरी मन्त्रिपरिषद् पुनर्गठनको गृहकार्य भइरहेको स्रोत बतायो ।

दुई दिनभित्रै सत्ता गठबन्धन दलका नेता बसेर मन्त्रिपरिषद् पुनर्गठन गर्ने र ९ वटा मन्त्रालय कायम गर्ने कामलाई मूर्तरूप दिने तयारी भइरहेको एक मन्त्रीले बताए ।

'धेरै काम भइसकेको छ । अब ९ वटा मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न सत्ता गठबन्धन दलका नेताको बैठक बसेर सहमति गरी सरकार अगाडि बढ्छ । अबको २/३ दिनभित्रै सरकार पुनर्गठनको सम्भावना छ,' ती मन्त्रीले भने ।

मन्त्रालय ९ कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन भएमा नेकपाबाट दुई र नेकपा एमालेबाट एक मन्त्रीको पद जानेछ । नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको मधेश सरकारमा अहिले तीनवटै दललाई चार-चार वटा मन्त्रालय भागबण्डा गरिएको छ । कांग्रेससँग मुख्यमन्त्रीसहित चार मन्त्रालय छ । मुख्यमन्त्री बाहेक कांग्रेसको भागमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रहेका छन् ।

नेकपा एमालेको भागमा पूर्वाधार

- बाँकी पृष्ठ ३ मा

# पत्रकार श्रेष्ठलाई तीन दिन हिरासतमा राख्न अनुमति

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २८ गते ।*

पत्रकार किशोर श्रेष्ठलाई हिरासतमा राख्न तीन दिन म्याद थप गरिएको छ ।

बिहीबार जिल्ला अदालत, काठमाडौँले पत्रकार श्रेष्ठलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो। न्यायाधीश उमेशप्रसाद लुइटेलको इजलासले हिरासतमा राख्न अनुमति दिएको जिल्ला अदालतले जनाएको छ ।

प्रहरीले पत्रकार श्रेष्ठलाई बुधबार राति ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको थियो । उनलाई वैयक्तिक गोपनीयता हननसम्बन्धी कसूरमा पक्राउ गरिएको हो । उनीविरुद्ध काठमाडौं प्रहरी परिसरले अदालतबाट पक्राउ पूर्जी लिएको थियो । बिहीबार प्रहरीले म्याद थपका लागि जिल्ला अदालत, काठमाडौंमा उपस्थित गराएको थियो। श्रेष्ठ जनआस्था साप्ताहिक र जनआस्था डट्कमका सञ्चालक तथा सम्पादक हुन् । उनी प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष हुन् ।




## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# राजनीतिक खिचातानीको...

हरिनारायण चौधरीले भने, "माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो ।" नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिङ्ग भएको उनको भनाइ छ ।

उता वर्तमान नगरप्रमुख शिवशङ्कर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउँछन् । "विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनाहरूमा कानुनी र वित्तीय जटिलता आएको हो," प्रमुख महतोले भने, "हामीले प्रतिशोध राखेका होइनौँ । बेरुजु नआउने गरी रोकिएका योजना संचालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पुरा गर्ने तयारीमा छौँ ।"

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ । तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा २८ करोड लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो । निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ । उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ । गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिलासुस्तीका कारण ठेक्का तोड्नुपरेको तर्क गर्छन् । "हामीले आयोजना रोकेका होइनौँ, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो," प्रमुख श्रेष्ठले भने, "अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकिएको छ ।"

नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो । आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरु भइसकेका विकास आयोजनाहरूको निरन्तरता रोकिनु हुँदैन । सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञहरूको भनाइ छ ।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ । "निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो । बिना प्रतिफलको खर्च मात्रै हो । भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन," उनले भने ।

राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन् । लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्छन्, "चुनावमा नेताहरू बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ । अघिल्ला मेयरले सुरु गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसैगरी बालुवामा पानी कहिलेसम्म भइरहने ?"

राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ । उनले भने, "स्थानीय सरकार व्यक्ति होइन, संस्था हो । निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन । तर हामीकहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ । जसले सुरु गऱ्यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन । यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ ।"

## राशिफल

- मेष - काम सम्पादन हुनेछ ।
- वृष - उपलब्धि हातपार्न पर्नेछ ।
- मिथुन - रोकिएको काम बन्न सक्छ ।
- कर्कट - सोचविचार गर्नुहोला ।
- सिंह - विचार गरेर अघि बढ्नुहोला ।
- कन्या - हडबडीले काम बिग्रन सक्छ ।
- तुला - स्रोत पहिल्याउन सकिनेछ ।
- वृश्चिक - उपयोगले लक्ष्य प्राप्त हुनेछ ।
- धनु - प्रतिस्पर्धामा विजयी भइनेछ ।
- मकर - सहयोग लाभदायी बन्नेछ ।
- कुम्भ - सौभाग्य प्राप्त हुनेछ ।
- मिन - काम प्रारम्भ हुनेछ ।

# संसद्‌मा बढ्दैछ धम्कीको भाषा

– रघुनाथ बजगाईं




प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिमा बुधबार नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीको पोसाक तथा अन्य सामग्री खरिदमा अनियमितता भएको भनेर परेको उजुरीउपर छलफल थियो । छलफलमा गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, नेपाली प्रहरीका प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) नारायणदत्त पौडेल उपस्थित थिए । गृहमन्त्री सुधन गुरुङ आमन्त्रित थिए, तर गएनन् ।

दिउँसो १ बजेका लागि तय भएको बैठक करिब आधा घण्टा ढिलो सुरु भयो । समितिको बैठकमा गृहसचिवलाई कुर्नु परेको भनेर सांसद खगेन्द्र सुनारले आपत्ति जनाए । 'समितिमा उजुरी परिसकेपछि बोलाइएका व्यक्तिहरू समयमा आउनुपऱ्यो । आज पनि गृह सचिवले झण्डै आधा घण्टा कुराउनु भएको छ,' उनले भने, 'तपाईंलाई यहाँ राष्ट्रिय सम्मान दिन बोलाएको होइन । तपाईंमाथि आरोप लागिसकेपछि यसमाथि छानबिन गर्न, सोध्न, छलफल गर्न बोलाइएको हो ।'

सुनारले धम्कीपूर्ण भाषा प्रयोग गरे, 'समितिले बोलाउँदा नआउने हो भने त्यहीअनुसार कुरा गर्नुपऱ्यो । होइन भने सचिवहरू पर्खिएर सांसदहरू हाइ काढेर बस्न सकिँदैन ।'

प्रहरीको पोसाक खरिदको विषय सामान्य नरहेको भनेर उनले यसमा छानबिन समिति माग गरे । 'प्रहरीको कपडा खरिदमा, जुत्ताहरूको खरिदमा समिति (छानबिन समिति) बन्नुपर्छ,' उनले भने । यसबारे अख्तियार वा अन्य कुनै निकायले छानबिन गरेको भनेर पन्छिन नमिल्ने बताउँदै सुनारले भने, 'धामीको मुद्दा धामीले, कामीको मुद्दा कामीले, सार्कीको मुद्दा सार्कीले छानबिन गर्न पाइँदैन । यसबारे विशेष खालको छानबिन समिति बन्नुपर्छ ।'

उनका अनुसार प्रहरी पोसाक खरिद गर्ने जिम्मेवारी पाएको ठेकेदार छनोट प्रक्रियामा प्रश्न छ । यसकारण यो विषयमा तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल, तत्कालीन सशस्त्र प्रहरीका आईजीपी राजु अर्याल, गृहसचिव राजकुमार श्रेष्ठ र नेपाली प्रहरीका आईजीपी कार्की जिम्मेवार रहेको दाबी गरे ।

यसमध्ये तत्कालीन गृहमन्त्री अर्याल हाल जिम्मेवारीमा छैनन् । सशस्त्रका आईजीपी अर्याल अवकाशमा गइसके । हाल जिम्मेवारीमा रहेका गृहसचिव श्रेष्ठ, नेपाली प्रहरीका आईजीपी कार्कीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए । नैतिकता नदेखाए हटाइने चेतावनी दिए ।

'नैतिकता छ भने तपाईंहरूले छोड्नुपर्छ । कानुनी राज्य हो भने बर्खास्ती गरिनुपर्छ, आजै, अहिल्यै राइट नाउ' उनले धम्क्याउँदै भने, 'स्पष्ट कुरा छ, तत्कालीन गृहमन्त्री, गृहसचिव र आईजीपीलाई तत्काल सेवाबाट निलम्बन गरेर, जिम्मेवारीबाट बर्खास्त गरेर, बाहिर ल्याएर कठघरामा राखेर यो विषयमाथि छानबिन हुनुपर्छ ।'

यो विषयमा अन्यत्र मुद्दा चलिरहेको छ भनेर पन्छिन नमिल्ने बताए । 'अख्तियारमा मुद्दा चलिरहेको छ भनेर अलमल पारेर चोखिएर रिटायर्ड भएर घर जान पाइँदैन । राजु अर्यालजी कहाँ हुनुहुन्छ ? यहाँ तत्काल लिएर आउनुपऱ्यो । ओमप्रकाश अर्यालजी कहाँ हुनुहुन्छ ? तत्काल ल्याएर यहाँ कठघरामा उभ्याउनुपऱ्यो,' सांसद सुनारले गृहसचिव श्रेष्ठ र नेपाल प्रहरीका आईजीपी कार्कीतर्फ हेर्दै भने, 'बर्दी लगाएर छानबिन हुँदैन । बर्दी लगाएर ल छानबिन गर भन्न पाइँदैन । गृहसचिवले त्यो कुर्सीमा बसेर ल छानबिन गर भन्न पाइँदैन ।'

### उस्तै प्रतिवाद

बुधबार लेखा समितिमा सुरुमा सचिव बबिता मिश्रले प्राप्त उजुरीको विषयमा जानकारी गराएकी थिइन् । आर्थिक वर्ष २०८२/०८३ मा टेन्डर प्रक्रिया पूरा नगरी कानुनविपरीत प्रहरीको पोसाक खरिद भएको र त्यसमा भ्रष्टाचार भएको भन्ने दाबी उजुरीमा छ । यससम्बन्धी एउटा उजुरी 'पीडित निर्वाचन प्रहरीहरू' भनेर परेको थियो ।

उजुरीउपर धारणा राख्दै गृहसचिव श्रेष्ठले विगतमा जसरी नै पोसाक खरिद गरिएको बताए । उनका अनुसार निर्वाचनको समयमा टेन्डर गर्न नमिल्ने भएकोले व्यक्तिको खातामा पैसा जाने र व्यक्तिकै खाताबाट पैसा काटिने गरी काम गरिएको थियो ।

प्रहरी महानिरीक्षक कार्कीले व्यक्तिको खाताबाट व्यापारीको खातामा पैसा काटिएको बताए । सशस्त्र प्रहरीका महानिरीक्षक पौडेलले नियमसंगत सबै काम भएको र यस सम्बन्धमा आफूहरूकहाँ कुनै गुनासो वा निवेदन नपरेको जानकारी दिए ।

तर, सांसदहरूले यस्तो प्रष्टीकरणमा थप प्रष्टीकरण खोजे । यस क्रममा सांसद खगेन्द्र सुनार आक्रमक रूपमा प्रस्तुत भएका हुन् । तर, सांसद सुनारको शैलीको समितिमै प्रतिवाद भयो । सांसदले नै पनि शैलीमाथि प्रश्न उठाए ।

सांसद खुश्बु ओलीले सांसदहरूका प्रश्नहरूको जवाफ दिन आउने अधिकारीहरू पनि जिम्मेवार व्यक्ति रहेको ख्याल गर्नुपर्ने बताइन् ।

'बारम्बार हामीले यहाँ (संसदीय समितिमा) निम्त्याइएका व्यक्तिहरूप्रति जुन किसिमको तिखो टिप्पणी र अमर्यादित व्यवहार गर्दैछौं । यसको लागि हामीले एउटा काउन्सेलिङ नै गर्नुपर्छ होला,' उनले भनिन्, 'अरूलाई अनुशासनको पाठ पढाउँदै गर्दा हामी पनि अनुशासित हुनुपर्छ ।' अनि छलफलमा उजुरी परेपछि त्यसलाई पुष्टि गर्नमा सांसदहरू लाग्नुपर्ने उनको आग्रह छ ।

'हामी धेरै माननीयज्यू समितिमा आउँदा एउटा माइन्डसेट लिएर आउँछौं जस्तो लाग्यो । जसको उद्देश्य उजुरीलाई नै सत्य ठहर गर्ने ...,' सांसद ओलीले भनिन्, 'हाम्रो उद्देश्य त्यस्तो (पूर्वाग्रही) नभएर आरोपहरू कुन काजगबाट पुष्टि गर्न सकिन्छ भन्नेमा हुनुपर्छ । सुरुमै एक पक्षलाई आरोपित देख्ने गरी बहस हुनु हुँदैन ।'

सांसदहरूका प्रश्नको जवाफका क्रममा नेपाल प्रहरीका आईजीपी कार्की पनि उस्तै गरी प्रस्तुत भए । 'प्रहरीहरूलाई घिसार्छु भन्नेहरूले पनि बडा मिठो कुरा गरेको यहाँ सुन्न पाइयो । घिसार्छु भन्ने कुन किसिमको, पाषाण युगिन मानसिकता बोकेका मानिसबाट हामी शासित हुँदै छौं कि ! भन्ने चिन्ता गरिराखेको बीचमा दूधले नुहाएका कुरा सुनिन्छ,' कार्कीले सांसद सुनारलाई लक्षित गर्दै भने । सिन्धुलीको प्रहरी हिरासतमा एक दलित युवा (श्रीकृष्ण विक) को शंकास्पद मृत्यु भएपछि रास्वपा सांसद खगेन्द्र सुनार न्यायको माग गर्दै सिन्धुली पुगेका थिए । ११ वैशाखमा यसबारे बोल्दै उनले भनेका थिए, 'एसपीको जिब्रो काँपेको छ । एसपीको हात काँपेको छ । म जिल्ला प्रशासनको गेटमा उभिएर भन्दैछु- कानुनले काम गर्छ । गरेन भने यो एसपीलाई मैले घिसारेर लैजान्छु यहाँबाट ।'

आईजीपी कार्की यत्तिमै रोकिएनन् । आफूहरूले लगाएको बर्दी हेरेर तलकाले पाएनछन् एक्लै खाएछ भन्ने लागेको भए छानबिन गर्न उनले चुनौती दिए ।

अनि, आफूहरूकहाँ आएको सबै आरोप खोलिदिए के हुन्छ भनेर कार्कीले पनि धम्कीपूर्ण भाषा प्रयोग गरे ।

उजुरी पर्दैमा त्यो सत्य नहुन सक्ने र प्रमाण हेर्नुपर्ने भन्दै उनले थपे, 'सबैका आरोपको अहिले मैले पेटारो खोलिदिएँ भने बस्न त कोही सकिन्न जस्तो लाग्छ । ती पनि यहीँ खोलूँ ?'

आफूहरू पुलिस मात्रै नभएर नागरिक पनि भएको ख्याल नगरी टिप्पणी हुने गरेको भन्दै उनले प्रतिवाद गरे, 'सबैभन्दा काम नलाग्ने मान्छे हामी नै रहेछौं कि जस्तो लाग्यो । दूधले नुहाएका मान्छेको छेउमा बसिएछ कि जस्तो लाग्यो ।'

अर्थात्, आफूलाई प्रश्न गर्नेहरू कति प्रश्नबाट टाढा छन् भनेर आईजीपी कार्कीले पनि उस्तै भाषामा प्रतिवाद गरे ।

गृहसचिव श्रेष्ठ भने सम्हालिएर प्रस्तुत भए । आफ्नो मात्रै नभएर आफ्नो परिवारको, नातागोताको बैंक खाता छानबिन हुन्छ भने पनि तयार रहेको र खुला रूपमा सामनागर्ने बताए ।

'यो घटनाका सन्दर्भमा मात्रै होइन । मेरो जागिरे जीवनदेखि आजका दिनसम्म गरेका प्रत्येक कार्यालय र मेरा सन्दभर्भमा छानबिन भए पनि म तयार छु,' उनले भने, 'म यत्ति ढुक्क छु, कतिपय निर्णय गुणस्तीय भय वा भएनन् त्यो समीक्षा हुन सक्छ । तर आर्थिक लोभमा परेर कुनै किसिमको निर्णय गरेको छैन ।'

### यस्तो भएको पहिलो पटक होइन

संसदीय समिति र संसद्‌मा धम्कीपूर्ण भाषा प्रयोग भएको पहिलो पटक होइन । विगतका संसद्‌मा पनि यस्ता दृश्य र सन्दर्भ आएका छन् । २१ फागुन २०८२ को निर्वाचन पछाडिको संघीय संसद्‌मा पनि धम्कीपूर्ण भाषा प्रयोग हुने चलन हटेको छैन । बरु पछिल्लो समय यस्तो प्रवृत्ति बढ्दो छ ।

सार्वजनिक लेखा समितिमै मंगलबार गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको सरकारी कार्यालयहरूको आगजनी र त्यस क्रममा जलेका स्रेस्ता सम्बन्धमा छलफल थियो । छलफलमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, अर्थसचिव डा. घनश्याम उपाध्याय, मुख्यसचिव गोविन्दबहादुर कार्की र महालेखा परीक्षक तोयम राया आमन्त्रित थिए । जहाँ महालेखा परीक्षकको कार्यालयको तर्फबाट पछिल्लो आर्थिक वर्षमा विभिन्न कार्यालय तथा निकायको १ खर्ब ४७ अर्ब ९० करोडको लेखा परीक्षण हुन नसकेको विषय प्रस्तुत भयो । जसको कारणमा २३ र २४ भदौ २०८२ को जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीलाई देखाइएको छ ।

उक्त बैठकमा पनि सांसद खगेन्द्र सुनारले स्रेस्ता जल्यो भनेर हिसाबमा मिनाहा खोज्ने प्रवृत्ति हुन सक्ने भनेर छानबिनको माग राखे । माओवादी द्वन्द्वको समयमा दैलेखका वडा कार्यालयहरू जले भनेर समाचार आउने गरेको स्मरण गरे । माओवादीले कार्यालय जलाइदियो भनेर कार्यालय छाडेर हिँडेका तत्कालीन वडा सचिवहरूको अहिले सुर्खेतमा सबैभन्दा ठूला घर रहेको भन्दै प्रश्न गरे । उनले भनेका छन्, 'कसरी हुन्छ त्यस्तो ? बदमासी आफूले गरेका र दोष माओवादीको टाउकोमाथि हालेका वडा सचिवहरूको अहिले सुर्खेतमा ठूलोठूलो घर देखेको छु ।'

जेनजी आन्दोलनका क्रममा पनि कार्यालय जल्यो भनेर कर्मचारीले बदमासी गर्न खोजेको भन्ने आशंका गर्दै उनले यस्तो बताएका हुन् ।

– बाँकी पृष्ठ ३ मा

# अफगान नगर प्रमुखको बम आक्रमणमा मृत्यु

एजेन्सी

*काबुल, साउन २९ गते ।*



अफगानिस्तानको उत्तरपूर्वी बदख्शान प्रान्तको राजधानी फैजाबादका नगर प्रमुख हबीब उर रहमान मन्सूर बिहीबार बम आक्रमणमा मारिएको स्थानीय सञ्चारमाध्यम तोलो न्यूजले जानकारी गराएको छ । मन्सूर पछिल्ला दुई हप्तामा प्रान्तमा आक्रमणमा मारिएका दोस्रो स्थानीय अधिकारी हुन् । यसअघि, प्रान्तीय सूचना तथा संस्कृति विभागका प्रमुख जबीउल्लाह अमिरीको दुई हप्ताअघि सशस्त्र व्यक्तिहरूद्वारा हानेको गोली लागी मृत्यु भएको थियो । अफगान सरकारले अहिलेसम्म घटना पुष्टि गरेको छैन ।

## पुस्तक फर्किएसँगै जाग्दैछ...

सकारात्मक चासोले हाम्रो हौसला बढेको छ ।'

अभियानका क्रममा प्राध्यापक अच्युतप्रसाद लामिछाने र मोहन पोखेलबाट विभिन्न विधाका पुस्तक प्राप्त भएका छन् ।

वाल्मीकि विद्यापीठका शिक्षक दीपक घिमिरे, प्रशासन शाखाका टेकनाथ पाण्डे, शुभेच्छुक विदुर पौडेल, सहप्राध्यापक प्रकाश तिवारी तथा पशुपतिका पूर्वभट्ट एवं लेखक डा. विष्णुप्रसाद दाहालबाट संस्कृतसहित विभिन्न भाषाका पुस्तक र अन्य सहयोग प्राप्त भएको पौडेल बताउँछन् ।

पुस्तक थपिने क्रम यतिमै रोकिएको छैन ।

अस्मिता प्रकाशनका तर्फबाट निर्देशक प्रतिमा शर्माले करिब १० हजार रुपैयाँ बराबरका कक्षा ११ र १२ का पाठ्यपुस्तक तथा प्रश्नपत्र सङ्ग्रह पुस्तकालयलाई प्रदान गरेका छन् ।

पुस्तकालय समृद्ध बनाउने अभियानमा गुरुकुलका शिक्षक र शिष्यहरू पनि उत्तिकै सक्रिय छन् । पुस्तक जुटाउने अभियानमा उनीहरूको सहभागिताले यसलाई संस्थागत प्रयासको स्वरूप दिएको छ ।

'हामीले एकै दिनमा १०४ वटा विभिन्न विधाका पुस्तक दानमा पाएका छौं,' पौडेल भन्छन्, 'प्राप्त पुस्तक सङ्ग्रह अभियानमा शिष्यद्वय कौशल भट्टराई र घनश्याम भट्टराईको दरिलो साथ पाइएको छ । अभियानमा सबैतिरबाट पाएको चासो र सहयोगले समृद्ध पुस्तकालय बन्ने विश्वास जागेको छ ।'

पुस्तकालयका लागि आउने प्रत्येक पुस्तकसँगै त्यसको पुरानो रौनक फर्काउने सपना पनि जोडिएको छ ।

गुरुकुल प्रशासनले यसलाई केवल पुस्तक थुपार्ने ठाउँका रूपमा होइन, अध्ययन, अनुसन्धान र ज्ञानको समृद्ध केन्द्रका रूपमा विकास गर्ने सङ्कल्प लिएको छ । त्यसका लागि गुरुकुलले शिक्षाप्रेमी, लेखक, प्रकाशक, पूर्वविद्यार्थी तथा शुभेच्छुकलाई पुस्तक तथा अन्य सहयोगका लागि सार्वजनिक अपिलसमेत गरेको छ ।

शङ्कर आदर्श पुस्तकालयको पुनर्जीवनको यो प्रयास नयाँ पुस्तक थप्ने अभियान मात्र होइन, इतिहास जोगाउने प्रयत्न पनि हो । पाँच दशकअघि संस्कृत शिक्षा र साहित्य साधनाको वातावरणमा जन्मिएको पुस्तकालयलाई पुनः सक्रिय बनाउन सकिए त्यसले पुरानो शैक्षिक विरासतलाई निरन्तरता दिनेछ ।

पुस्तकालयको इतिहास संरक्षणसँगै नयाँ पुस्तामा अध्ययन संस्कृतिको विकास गर्ने उद्देश्यले थालिएको यो अभियानलाई शिक्षाविद्हरूले शिक्षा र संस्कृतिको संरक्षणतर्फको महत्वपूर्ण प्रयासका रूपमा लिएका छन् ।

भवन बन्दैछ, पुस्तक थपिँदैछन् र सहयोगी हातहरू पनि जुट्दैछन् । त्यसैले लामो समयदेखि ओझेलमा परेको शङ्कर आदर्श पुस्तकालय फेरि मटिहानीको बौद्धिक पहिचान बन्ने सम्भावना बलियो बन्दै गएको छ ।

## मधेशमा मन्त्रालय घटाउँदै...

विकास मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा संस्कृति मन्त्रालय रहेका छन् ।

यस्तै नेकपाको भागमा अर्थ, ऊर्जा सिंचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन र गृह, सञ्चार तथा कानुन मन्त्रालय छन् । अब कांग्रेसको भागमा मुख्यमन्त्रीसहित चार, नेकपा एमालेको तीन र नेकपाको दुई मन्त्रालय भागमा पर्ने एक नेताले बताए ।

मन्त्रालयको संख्या घटाउन अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय राख्न सिफारिसहितको सुझाव पेस गरेको थियो ।

सुझावअनुसार अब ६ वटा मन्त्रालय गृह, सञ्चार तथा कानुन मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय मर्ज गरेर तीन वटा बनाउने गृहकार्य भइरहेको छ । पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो । कार्यदलको काम अन्तिम चरणमा रहेको र अबको केही दिनमै सरकारलाई प्रतिवेदन बुझाउने उनले बताए ।

यद्यपि, यो प्रतिवेदन आउनुअघि पनि मन्त्रिपरिषद् ९ वटा मन्त्रालय कायम गर्ने गरी पुनर्गठन गर्न बाधा नपर्ने मन्त्री पटेलको भनाइ छ ।

केन्द्रमा कांग्रेस र नेकपा एमालेको गठबन्धन भत्किए पनि त्यसको असर मधेशमा भने परेको छैन । एमाले र नेकपाको समीकरणअनुसार पनि यो प्रदेशमा सरकार बनाउन आवश्यक संख्या ५४ पुग्दैन । त्यस कारण यी दुई दल तत्काललाई मधेशमा कांग्रेस नेतृत्वकै सरकारलाई यथावत राख्ने गरी अगाडि बढिरहेका छन् । मन्त्रालय ९ कायम हुँदा फिर्ता बोलाइने मन्त्री वा सरकारमा नयाँ अनुहार कसलाई पठाउने विषयमा पनि एमाले र नेकपामा आन्तरिक गृहकार्य भइरहेको छ ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

## संसद्मा बढ्दैछ धम्कीको...

'बदमासी गरेका पैसा विश्वका ठूलाठूला बैंकमा छन् भनेर समाचार पढेका छौं । भ्रष्टाचार गरेको पैसा स्विस बैंकमा पुग्ने,' उनले भने । आफूअनुकूल कानुन बनाउने र कार्यालय जल्यो भनेर ओठे जवाफ दिएर मान्न नसकिने बताए ।

यो विषयमा आफूलाई रास्वपा महामन्त्री विपिन आचार्यले गरेको संवाद सुनाए, 'विपिन आचार्यले के छ यो विषयमा आइडिया भनेर सोध्दै हुनुहुन्थ्यो । मैले भनें, 'तपाईं बाहुनको छोरो मन्त्र पढ्ने म सुनारको छोरो सुनपानी छर्किने र चोख्याएर पठाइदिने ।'

अर्थात्, सार्वजनिक लेखा समितिमा कर्मचारीले जे जस्ता विषय ल्याउँछन् त्यसलाई सदर गरेर पठाउने प्रवृत्ति रहेको भनेर उनले छेडखानी गरे ।

अर्थात्, सार्वजनिक लेखा समितिमा आमन्त्रित व्यक्तिहरू पछिल्लो समय तिखा शब्दहरूबाट आलोच्य भइराखेका छन् ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे संसदीय समितिमा व्यक्त भएका भाषा र संस्कारप्रति चिन्ता व्यक्त गर्छन् ।

'संसदीय समितिमा भएको बहस र आरोप हेर्दा नेपालीको शीर झुकाएको छ,' उनी भन्छन्, 'जब मर्यादित भाषा र संस्कार त्यागिन्छ तब समाज अराजकता र भिडतन्त्रतर्फ लम्किन्छ । अर्कालाई आरोप लगाउनु अगाडि आफैंलाई हेरे राम्रो हुने थियो ।'

**संसद्मा अझ बढी चर्काचर्की**

धम्कीपूर्ण भाषाको प्रयोग संसद् बैठकमा अझ चर्को देखिन्छ । २६ साउनको बैठकमा रास्वपा सांसद हरिमोहन भट्टराईले विपक्षी दलहरूलाई के बोल्ने र के नबोल्ने भनेर सिकाउने प्रयास गरे ।

'विगतमा भएका विकृति नबिर्सेर साथीहरू अँगालो नहाल्नुस् भनेर मैले सुरुमै भनेको थिएँ । तर उहाँहरू (विपक्षी दलका सांसदहरू) आफ्नो नेताको बहादुरी गरेर हिँड्नु भएको छ र त्यो बहादुरी कृपया अबदेखि नगर्नु होला ।'

सांसद भट्टराई यत्तिमै रोकिएनन्। अगाडि थपे, 'भ्रष्टाचारका काण्डैकाण्डले भरिएका नेताज्यूहरूको यो पवित्र संसद् भवनमा नाम नलिनु होला, मैले धेरै खोल्नु नपरोस् ।'

अनि विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री बालेन शाहको अभिव्यक्तिलाई लिएर गरिरहेको प्रश्नप्रति आपत्ति जनाए । 'लिम्पियाधुरा लिपुलेकको कुरा गर्नु हुन्छ । यो कसको पालामा गएका हुन् ? भन्नुस त ! तपाईंहरू कसले दिएको त्यहाँ मोटर बाटो चल्न ? भारतले अधिकरण कसको पालामा गरेको हो ? कसलाई दोष दिँदै हुनुहुन्छ ?,' विपक्षी दलका सांसदहरूलाई उनको प्रश्न छ ।

'हरेक दिन ढ्याङढ्याङ गर्ने, बिहानैदेखि विरोध गर्ने, २०/२५ मिनेट बोल्ने अनि हामीलाई चाहिँ शिक्षा सिकाउने काम नगर्दिनु होला,' फेरि यस्तो भए नसुन्ने उनको चेतावनी छ, 'हामी पढेलेखेका, बुझेका माननीय हौं । आठ/नौ क्लास पढेका होइनौं । धेरै लेसन दिनु पर्दैन ।'

लगत्तै यसको प्रतिवाद भयो । नेपाली कम्युनिस्ट पार्टीकी सांसद पार्वती विकले 'को नेता काण्डैकाण्डले भरिएको हो' प्रष्ट पारिदिन आग्रह गरिन् । कति पढेको छ भन्ने इतिहासमा देखिने भन्दै संसद्मा अमर्यादित भाषा प्रयोग नगर्न चेतावनी दिइन् ।

श्रम संस्कृति पार्टीका सांसद हर्क साम्पाङले पनि संसद्मा फेरि प्रश्न नउठाउन रास्वपा सांसद भट्टराईले दिएको चेतावनीको प्रतिवाद गरे । 'यो सदन कसैको पेवा होइन । आफूले सुन्न चाहेको कुरा मात्रै उठ्छ भन्ने छैन,' साम्पाङले भने, 'अबदेखि मान्दैनौं भनेर के भन्न खोज्नुभएको हो, त्यो कुरा बुझिनँ ।'

संसद्मा उठेको विषयमा अर्कोले नमानेर के हुन्छ भनेर उनले प्रश्न गरे । 'तपाईंले मानेर के हुन्छ, नमानेर के हुन्छ ?' साम्पाङले जवाफ दिए, 'बोल्ने पाउने हाम्रो अधिकार हो, बोल्छौं । तपाईं पनि सार्वभौम जनताले चुनेको, हामी पनि सार्वभौम जनताले चुनेको हो । जनताले मुल्यांकन गरिरहेकै छन् ।'

यस्ता अभिव्यक्ति फेरि नदोहोरियोस् भन्दै उनले थपे, 'उहाँले बोल्नुभएको धम्कीपूर्ण अभिव्यक्ति अखिलेखबाट हटाउनुपर्छ ।'

कुन सांसद्को अभिव्यक्ति धम्कीपूर्ण हो वा होइन भनेर सभामुखले कुनै एक्सन लिएका छैनन् । तर संसद्मा एकले अर्कोलाई चेतावनी दिने क्रम भने रोकिएको छैन ।

**भारतको नुन खाएर बोलेको आरोप**

२२ साउनको बैठकमा रास्वपा सांसद सुरेन्द्र चौधरीले विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर गर्दै आएको प्रश्नमै प्रश्न उठाए ।

प्रधानमन्त्रीले सीमा विवादबारे दिएको अभिव्यक्तिलाई लिएर सत्तापक्षका सांसदहरू राष्ट्रवादी हो कि होइन भनेर सोधिएको भन्दै सांसद चौधरीले प्रश्नसँगै चेतावनी दिए ।

उनले भने, 'तपाईंहरूले देख्नुभएको छ, कहिले राष्ट्रवाद, देशभक्ति त्यसको रङ कस्तो छ ? त्यसको आकार कस्तो हुन्छ ? या, सार्वभौमिकताको रङ कस्तो हुन्छ देख्नुभएको छ ? यस्ता कुराहरू संसदमा नउठाइयोस् ।'

रास्ववा सांसद चौधरी यत्तिमा रोकिएनन् । 'यो दिल्लीको संसद्मा उठ्नुपर्ने हो नेपालले भूभाग मिच्यो भनेर । यदि प्रधानमन्त्रीले भनेको कुरामा भारत सरकारको आपत्ति थियो भने भारत सरकारको संसद्ले बोल्ने कुरा प्रतिपक्षले किन बोल्छ बारबार ? यसमा हाम्रो घोर आपत्ति छ,' चौधरीले भने ।

यहाँनेर उनले विपक्षी दलहरूलाई गम्भीर आरोप लगाए । 'यसमा कतै तपाईंहरूले नुन खाएर यो कुरा यहाँ उठाउनु भएको त होइन ? होइन भने यो जुन भाषा बोल्नहरू (विपक्षी दलका सांसदहरू)बाट यो भाषा बन्द होस्,' सांसद चौधरीले धम्कीपूर्ण भाषा प्रयोग गरे ।

यसमा पनि प्रतिवाद भयो । कांग्रेसका सांसद निश्कल राईले जनताको सार्वभौम प्रतिनिधिसभामा विपक्षी दलका सांसदहरू पनि जनताबाट निर्वाचित भएर आएको ख्याल राख्न आग्रह गरे । 'कार्यकारिणी भूमिकामा रहेर उहाँ (प्रधानमन्त्री)ले दिनुभएको अभिव्यक्ति त्यो साँच्चै राष्ट्रघाती अभिव्यक्ति थियो । त्यो कुनै क्रस बोर्डर इस्यु भनेर त्यहाँ भन्नुभएको छैन,' राईले भने ।

नेकपा एमालेकी सांसद साजिदा खातुन सिद्धिकीले प्रधानमन्त्रीको अभिव्यक्तिमा जवाफ माग गर्दा भारतको नुन खाएको हो भनेर सत्तापक्षका सांसद्बाटै प्रश्न आउनु गम्भीर विषय भएको बताइन् । 'नेकपा एमालेका कुन-कुन सांसदले भारतबाट नुन खानुभएको छ । प्रमाणित गर्नुपर्छ सांसद सुरेन्द्र चौधरी माननीयज्यूले,' एमाले सांसद सिद्धिकीले भनिन्, 'होइन भने यसरी आरोप लगाउन पाइँदैन ।'

प्रधानमन्त्री बालेनले शाहले लगाएको कालो चस्मालाई लिएर पनि विपक्षीले छेडखानी गरिरहेका हुन्छन् । कतिपय सत्तापक्षकै सांसदले समेत कालो चस्मा खोल्नुपर्ने भनेर सरकारमाथि खबरदारी गरेका छन् ।

यसको विरोध गर्दै २६ साउनको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद अमृता विकले कसले कस्तो लुगा लगायो भनेर संसद्मा टिप्पणी गरिएको भनेरै प्रश्न उठाइन् । 'आज हाम्रो प्रतिपक्षको बहस हेर्दा देशको विकास, शिक्षा र अर्थतन्त्र भन्दा कसले कस्तो लुगा लगायो, कुन रङको चस्मा लगायो, कसले जिब्रो चिप्ल्यायो भन्ने कुराले सदनमा बढी ठाउँ पाएको देखिन्छ,' उनले भनिन् ।

**उस्तै गृहमन्त्री**

सांसदहरूलाई प्रश्न नगर्न चेतावनी दिनेमा गृहमन्त्री सुधन गुरुङ पनि पर्छन् ।

२० साउनमा राष्ट्रिय सभामा गृहमन्त्री गुरुङसँग प्रश्नोत्तर थियो । नेकपा सांसद विष्णुबहादुर विश्वकर्माले कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या भएको विषय उठाए ।

जवाफमा गृहमन्त्री गुरुङ रिसाए । उनले भने, 'माननीयज्यूले उठाउनु भएको विषय एकदमै सेन्सिटिभ छ । यो प्रश्न म हजुरलाई पनि गर्न चाहन्छु, हजुरहरू सत्तामा हुँदा किन नगर्नु भएको ?'

आफू सरकारमा हुँदा काम नगर्ने अनि नयाँ सरकार बनेपछि विषय उठाएर यो विषय उठाएर घाउलाई कोट्याउने काम किन गरेको भनेर गृहमन्त्रीले प्रतिप्रश्न गरे ।

अनि यो विषयमा फेरि प्रश्न नउठाउन चेतावनी दिए । 'म सम्पूर्ण माननीयज्यूहरूलाई यो विषयलाई अब प्रतिनिधिसभा र राष्ट्रियसभामा यो प्रश्न नउठाइदिनु हुन म विनम्र अनुरोध आग्रह गर्न चाहन्छु,' गृहमन्त्री गुरुङले भने ।

तर, उनको यस्तो शैलीको तुरुन्तै विरोध भयो । सांसदहरूले संसदीय मर्यादा ख्याल गर्न सुझाए ।

आफ्नो अभिव्यक्तिलाई लिएर आफ्नै अगाडि तुरुन्तै सांसदहरूले प्रतिरोध गरेको गृहमन्त्री गुरुङले सभामै बसेर सुनिरहे ।

अनि, अनुसन्धानमा रहेको फाइलको विषयलाई गोप्य राख्नुपर्ने ध्येयका साथ आफू प्रस्तुत भएको भनेर माफी मागे । 'जवाफ नदिन खोजेको होइन । तर अनुसन्धानको विषयमा यहाँ सदनमा बसेर बोल्नु हुँदैन । जुन कुरामा रिजल्टै आएको छैन,' उनले प्रष्टीकरण दिँदै भने, 'जवाफमा अलिकति मेरो रुखो बोली भयो होला । यसको लागि क्षमा माग्न चाहन्छु ।'

पत्रिका मागेर होइन
किनेर पढ्ने बानी बसालौं

# देश बनाउन सबैले सहकार्य गर्नु जरूरी छ : अर्थमन्त्री

**राष्ट्रिय समाचार समिति**

*तनहुँ, साउन २८ गते ।*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक आग्रहपूर्वाग्रह त्यागेर सबैपक्ष एकताबद्ध भएर अघि बढ्नुपर्ने बताएका छन् ।

जिल्ला समन्वय समिति तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको वार्षिक प्रगति समीक्षा कार्यक्रममा उनले देशलाई नयाँ उचाइमा पुऱ्याउने स्पष्ट योजनासहित वर्तमान सरकार अघि बढिरहेको बताउँदै सबैले आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए ।

अर्थमन्त्री वाग्लेले सरकार सुशासन र सुधारलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको बताए । उनले सरकारको पहिलो वर्षलाई सुधारको वर्ष, दोस्रोलाई सुशासनको वर्षका रूपमा लिइएको जनाउँदै तेस्रो र चौथो वर्षमा त्यसको नतिजा देखिने गरी योजनाबद्ध रूपमा काम भइरहेको उल्लेख गरे । "यो जनताले आशा गरेको सरकार हो । देश बनाउन सबै मिलेर अघि बढौँ । गलत सोच त्यागौँ, देशलाई उचाइमा सहकार्य र समन्वय गरौँ", उनले भने ।

मुलुकलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा आएको उल्लेख गर्दै वाग्लेले जनताको अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए। उनले भने, "सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन् । कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौँ ।"

अर्थमन्त्री डा. वाग्लेले सुशासनबिना मुलुकको आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भन्दै सरकारी संयन्त्रलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक रहेको बताए । सरकारले सुशासन कायम गर्ने विषयमा कुनै सम्झौता नगर्ने उनको भनाइ छ ।

अर्थमन्त्री डा. वाग्लेले पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउँदै ऊर्जामा त्यसको सफल उदाहरण देखिसकिएको उल्लेख गरे ।

अर्थमन्त्री डा. वाग्लेले धान्न सक्नेगरी स्वास्थ्य बिमाको ढाँचा जाने गरी सरकारले काम अगाडि बढाएको उल्लेख गर्दै निम्न वर्गलाई लक्षित गरी विगतका सरकारले ल्याएका सकारात्मक कामलाई यस वर्ष यथावत राखिएको जानकारी दिए ।

कार्यक्रममा तनहुँ क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले विकास निर्माणलाई गति दिन पूर्वाधार अदालतको प्रक्रिया अगाडि बढेको जानकारी दिए । गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, जितप्रकाश आले, अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनलगायत विषयमा सहकार्य र समन्वयको आवश्यकता औंल्याए ।

# मधेस प्रदेशमा रगतको अभाव

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन २८ गते ।*

रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेस प्रदेशमा रगतको अभाव देखिन थालेको छ । मधेस प्रदेशमा रगतको अभाव देखिएपछि आज जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम, उपमहानगरपालिका वडा नं. १७ ले बिहीवार रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो । अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गरेको छ । रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

रास्वपा मधेस प्रदेश सङ्गठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले सङ्कलन भएको रगत मधेस प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताए । नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पङ्कज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिए ।

"रक्तसञ्चार केन्द्रमा एक/दुई पोका मात्र रगत छ, तर दैनिक ४०/५० जना बिरामी रगतका लागि आउने गरेका छन्", अध्यक्ष महतोले भने, "बिरामीहरु जसरी पनि दिनुपऱ्यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ ।"

रक्तदाताको अभाव भएपछि मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामअन्तर्गतको प्रदेश रक्तसञ्चार केन्दमा पनि रगतको अभाव हुन थालेको छ ।

मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निर्देशक डा. नागेन्द्र यादवका अनुसार प्रदेश रक्तसञ्चारमा हाल जम्मा ३० पोका रगत रहेको बताए ।

# करेन्ट लागेर युवकको मृत्यु

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, साउन २८ गते ।**

धनुषामा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

धनुषाको नगराइन नगरपालिका-८ खिरखिरियामा खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर स्थानीय विन्देश्वर दासका २५ वर्षीय छोरा सितेशकुमार दासको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता मधुसुदन न्यौपानेका अनुसार बिहीवार साँझ दासलाई करेन्ट लागेको थियो ।

सोही समयमा खेतमा मोटरबाट पानी लगाउने क्रममा अचानक करेन्ट लागेर दास घाइते भएका थिए । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर ल्याउँदा चिकित्सकले बिहीवार करिव साँझ ६ बजेर ५ मिनेटमा मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# राजनीतिक खिचातानीको मारमा गौरवका आयोजना

**राष्ट्रिय समाचार समिति**

*सिरहा, साउन २८ गते ।*

पाँच वर्षअघि सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरु भएको लहान-१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ ।

२० बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा छ करोड ९३ लाख बजेट स्वीकृत भएको थियो। निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि' सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन । विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ ।

लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो । चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्वाकांक्षी योजना अघि सारिएको थियो ।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादवले भने, "त्यतिबेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो । सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो । आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो ।"

तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्रै देखिन्छन् ।

वि.सं. २०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो । लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार, नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाहरूको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो ।

सङ्घीय सरकारको करिब ८० लाख खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो । नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउँछन् । उनले भने, "हामीले पटक-पटक यो आयोजना



निरन्तरता दिन आग्रह गर्यौं । तर बजेट व्यवस्थापन भएन । अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो ।"

तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजनाहरू राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउँछन् । "हामी विकास विरोधी होइनौँ, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौँ । विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजनाहरू अघि बढाएको देखिन्छ," नगरप्रमुख चौधरीले स्पष्ट पारे, "स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन् । म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाहरूको प्राविधिक मूल्याङ्कन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शी रूपमा अगाडि बढाइएको छ ।"

सिरहाका अन्य नगरपालिकाहरूमा पनि बहुवर्षीय आयोजनाहरू राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरु गरिएका आयोजनाहरू अहिले बिचमै रोकिएका छन् ।

धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा १७ करोड लागतमा १५ श्ययाको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरु गरिएको थियो । दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशङ्कर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्यचौकीबाटै सेवा लिन बाध्य छन् । यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनहरू पनि बजेट अभावमा रोकिएका छन् ।

धनगढीमाई-१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एकमात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ । पूर्व नगरप्रमुख

- बाँकी पृष्ठ २ मा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री